पोखरा उपत्यका साइडसिन घुम्न जाऔँ

घुमाउने ठाउँहरू

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ८४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत २५ गते सोमबार ❑ 7 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## फेवा नव वर्ष महोत्सवका अवसरमा ८० प्रतिशत होटल अकुपेन्सि हुन्छ: अध्यक्ष सुवेदी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत

नेपाली नयाँ बर्ष २०८२ को तयारी तिव्र पारिएको छ। यही चैत ३० गते देखि वैशाख १ गतेसम्म पोखरामा आयोजना हुने उक्त महोत्सवको तयारी तिव्र पारिएको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनु भयो।

उक्त महोत्सवका अवसरमा पोखरामा आयोजना हुने २० औं संस्करणको फेवा नव वर्ष महोत्सवमा होटल अकुपेन्सि करिब ८० देखि ९० प्रतिशत पुग्ने अपेक्षा गरिएको संघले जनाएको छ । आन्तरिक तथा बाह्यि पर्यटकको आगमनले यस क्षेत्रका पर्यटकीय स्तरका होटलको अकुपेन्सि करिब ८० प्रतिशत भन्दा बढी हुने अध्यक्ष सुवेदीले विश्वास व्यक्त गर्नुभयो। उक्त महोत्सव पोखराको खहरेदेखि ड्यामसाइडसम्मको सडकमा आयोजना हुने भएको छ । प्रदेश स्तरीय मौलिक तथा रैथाने परम्परागत खानाको प्रदर्शन, सांस्कृतिक कार्यक्रमहरुको प्रस्तुती, मनोरञ्जनात्मक खेलकुद कार्यक्रम, पर्यटक दौड प्रतियोगिता(ड्यामसाइड देखि लेकसाइडसम्म) महोत्सवका आकर्षण रहने भएको उहाँले जनाउनु भयो । व्याडमिन्टन कप, स्थानीय एवम् प्रख्यात कलाकारद्वारा प्रत्यक्ष पप कन्सर्ट, कृषि एवम् हस्तकलाका सामानहरुको प्रदर्शनी तथा स्थानीय तथा प्रख्यात कलाकारद्वारा लोक दोहोरी कार्यक्रम पनि प्रस्तुत हुने संघका प्रथम उपाध्यक्ष एवं महोत्सवका सहसंयोजक दीपक श्रेष्ठले बताउनु भयो। महोत्सवको प्रायोजकमा बन्दीपुर केवलकार लि. फोन पे, अन्नपुर्ण केवलकार लि, टोकला चिया रहेका छन् । इन्स्योरेन्स पार्टनरमा प्रभु इन्स्योरेन्स कम्पनी रहेका छन् । पोखरा महानगरले सन् २०२५ मा पोखरामा आन्तरिक तथा बाह्यि गरी २० लाख पर्यटक भित्राउने लक्ष्यलाई सफल पार्न संघले जनवरी देखि आउँदो डिसेम्बरसम्म होटल आवासमा २० प्रतिशत छुटको व्यबस्था गरिएको सुवेदीले उद्घोष गर्दै आएका आउनु भएको छ। संघमा आबद्ध पोखरा सहितका क्षेत्रमा ४ सय २५ वटा होटलहरु रहेको संघका द्वितीय उपाध्यक्ष एवं महोत्सवका सहसंयोजक गणेशराज पहारीले जानकारी दिनुभयो। ९० प्रतिशत होटल अकुपेन्सि पुग्ने लक्ष्यका साथ संघले विभिन्न प्रचारात्मक कार्यक्रम गर्दै आएको अध्यक्ष सुवेदीले दाबी गर्नु भयो । पर्यटनको राजधानि पोखरामा हाल होटल अकुपेन्सि करिब ५० प्रतिशत रहेको संघले जनाएको छ । पोखरामा सन २०२५ मा २० लाख पर्यटक भित्राउने लक्ष्य सहित सुरु भएको पोखरा भ्रमण बर्षको अवसरमा संघले संघमा आबद्ध होटल आवासमा २० प्रतिशत छुटको व्यबस्था गरेको छ । पर्यटन, संस्कृति र खानाको समेत महोत्सवले प्रबर्द्धन गर्ने भएको उहाँको भनाई थियो। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रर्बद्धनमा हुने महोत्सवमा यस बर्ष गण्डकी प्रदेशका ११ जिल्लाका विभिन्न सांस्कृतिक कार्यक्रम सहितको झाँकी समेत प्रर्दशनीको तयारी भएको संघले जनाएको छ। रेवान पोखराले समेत उक्त महोत्सवलाई सफल पार्न सहुलियत दरमा खानाका विभिन्न परिकार पस्कने तयारी गरेको रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलले बताउनु भयो। उक्त महोत्सवको अवसरमा विभिन्न पर्यटकीय संघ संस्थाहरुले छुट तथा प्याकेजका कार्यक्रम समेत ल्याएका छन्।

## हेमजामा आलु महोत्सव सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत

१३ औं संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सव सुरु भएको छ । 'सुन्दर ठाउँ हेमजा जाउँ, आलुका स्वादिष्ट परिकार खाउँः आलु एक परिकार अनेक' भन्ने मूल नाराका साथ विष्णुपादुका क्लवको आयोजनामा महोत्सव सुरु गरिएको हो।

महोत्सवको आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार, कृषकका लागि माटो, बोटविरुवा परीक्षण तथा रोगको निदान रहेका छन् । त्यस्तै कृषक तथा कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रतियोगिता, चर्चित कलाकार हरुका प्रस्तुति, कृषक सम्मान साथै विभिन्न कृषि उपज, वीउविजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी पनि रहेको आयोजक विष्णुपादुका क्लवका अध्यक्ष वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो । महोत्सव शुभारम्भ गर्नुहुँदै पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले महानगर किसानको पक्षमा रहेको स्पष्ट पार्नुहुँदै कृषि उपजका नाममा महोत्सव गरिनु आफैमा महत्वपूर्ण भएको औँल्याउनुभयो । उहाँले आलु महोत्सवलाई महानगरले अपनत्व लिइरहेको उल्लेख गर्नुहुँदै सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो । उहाँले



क्लवको निर्माणधिन बहुउद्देश्यीय भवनलाई पूर्णता दिन महानगर तयार रहेको स्पष्ट पनि पार्नुभयो। गण्डकी प्रदेश कृषि, भूमि व्यवस्था मन्त्रालयका सचिव वासुदेव रेग्मीले हेमजामा खेतीयोग्य जमिन क्रमश घडेरीकरण हुँदै जानु दुःखद् भएको औँल्याउँनुहुँदै आलुको उत्पादन तथा उत्पादकत्व बृद्धितर्फ सबैले ध्यान दिनुपर्ने बताउनुभयो। उहाँले औधोगिक आलु उत्पादनको महत्वमाथि प्रकाश पार्नुहुँदै कृषि उपजको आयात दर घटाउन सके देश क्रमशः समृद्ध बन्दै जाने स्पष्ट पार्नुभयो । पोखरा महानगरपालिकाका प्रवक्ता समेत रहनुभएका पोखरा २५ का वडाध्यक्ष मोतिलाल तिमिल्सीनाले विष्णुपादुका क्लव हेमजाको पहिचान स्थापित क्लव भएको स्पष्ट्र पार्नुहुँदै क्लवले आलु महोत्सव मार्फत हेमजा र समग्र पोखरा क्षेत्रलाई नै ब्राण्डिङ गर्न भूमिका खेलेको जनाउनुभयो । महोत्सवले कृषि पेशामा लाग्न कृषकहरुलाई हौसला थप्ने उहाँको भनाई छ । क्लव अध्यक्ष वसन्तकुमार श्रेष्ठले सबैको साथ सहयोगले आलु महोत्सवले निरन्तरता पाइरहेको उल्लेख गर्नुहुँदै क्लवले सामाजिक उत्तरदायित्वपूर्ण गतिविधिलाई निरन्तरता दिने जनाउनुभयो । उद्घाटनकै अवसरमा हलगोरु पाल्ने कृषक विजय रानामगर, हरीकुमार परियार र गंगाबहादुर कार्कीलाई नगद रु. १० हजार सहित सम्मान गरियो। त्यस्तै हेमजामा जन्मिएर नेपाली भाषा साहित्यको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनुभएको भन्दै भाषाविद् मुकुन्दशरण उपाध्याय पनि सम्मानित हुनुभयो । त्यस्तै हालै निर्माण सम्पन्न गरिएको सुविद्यासम्पन्न शौचालयको पनि उद्घाटन भयो। महोत्सव सुरु हुनुपुर्व बाजागाँजा, कृषि झाँकी सहित विष्णुपादुका माइस्थानबाट शोभायात्रा सुरु भएकोमा उक्त शोभायात्रा मिलनचोक, नहरचोक, साँझाचोक, सोतीपसल हुँदै महोत्सव स्थल

बाँकी अन्तिम पृष्ठमा ▶▶

## तीनकुने घटनामा संलग्न कसैलाई पनि छोड्नु हुँदैन : सभापति देउवा

**रासस**
काठमाडौं, २४ चैत

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले तीनकुने घटनाका दोषीलाई कानुनबमोजिम कडा कारबाही गर्नुपर्ने बताउनुभएको छ।

तीनकुने घटनामा ज्यान गुमाएका पत्रकार सुरेश रजकको परिवारलाई भेटेर सान्त्वना दिँदै हिंसात्मक घटनाका दोषीलाई कुनै पनि बाहनामा छोड्न नहुने बताउनुभयो।

"यही चैत १५ गते तीनकुने घटनामा पत्रकार सुरेश रजकसहित दुई जनाको मृत्यु भएको छ, धेरै व्यक्ति घाइते भएका छन्, उक्त घटनाका दोषीलाई कारबाही गर्नुपर्छ, कसैलाई पनि छाड्नु हुँदैन", पूर्वप्रधानमन्त्री देउवाले भन्नुभयो । सभापति देउवाले आफ्नो पार्टीले तीनकुने घटनाको छानबिन गर्नुपर्ने निर्णय गरेको बताउनुभयो।

सोही क्रममा रजकका परिवारले सभापति देउवा समक्ष उक्त घटनाको छानबिन नै नभएकाले दोषी उम्कन सक्ने आशङ्का व्यक्त गरेको थियो।

## उत्तरपुस्तिका परीक्षण नगर्ने

**रासस**
काठमाडौं, २४ चैत

नेपाल शिक्षक महासङ्घले चौथो चरणको आन्दोलन घोषणा गरेको छ । यही चैत २० गतेदेखि काठमाडौँमा सडक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## युवाले यथार्थ बोध गर्नुपर्छ : मन्त्री केसी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत

कास्कीको सुन्दर गाउँ ल्वाङ अहिले उत्सवमय छ। पोखराबाट पौने घन्टाको सडक यात्रामै पुगिने यो गाउँको थाप्लोमा रहेको चियाबारी र गाउँको होमस्टेले धेरै पर्यटक लोभ्याउने गरेका छन्।

ल्वाङगाउँलाई प्रवर्धन गर्न मेला आयोजना गरिएको हो । माछापुच्छ्रे गाउँपालिका वडा नम्बर ८ मा रहेको ल्वाङमा ग्रिनहिल युवा क्लबले ३१ औं चैते दसैं मेला आयोजना गरेको हो । गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसीले मेला उद्घाटन गरे।

उनले अहिले राजनीति र राजनीतिक नेतृत्वप्रति नकारात्मक भाव फैलाउन खोजिएको दाबी गर्दै युवाले यथार्थ बोध गर्नुपर्नेमा जोड दिए। भने, 'हाम्रो अपेक्षा, हाम्रा सीमित स्रोत, साधनभन्दा बढी छन्। सबै समस्या एकैपटक समाधान हुन सम्भव पनि हुँदैन।'

मन्त्री केसीले मेलाले कला, संस्कृति जगेर्ना गर्नुका साथै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धनसमेत सघाउने उल्लेख गरे। मिलनचोकदेखि लुम्रे सडकको करिब ६.५ किलोमिटर कालोपत्र भएको र बाँकी तीन



किमी कालोपत्रे नहुँदा ल्वाङ जाने यात्रुले जोखिम झेल्नुपर्ने अवस्था छ । धम्पुस हुँदै ल्वाङ बाटो निर्माणअघि बढिसकेको छ।

कार्यक्रममा ल्वाङ सेवा समिति अध्यक्ष हितकाजी गुरुङले गाउँसम्मको सडक सहज बनाउन सबै तहका सरकारले मिलेर काम गर्नुपर्नेमा जोड दिए । मेलामा क्लबस्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिता सहितका विभिन्न गतिविधि जारी छन् । पुरुष भलिबलतर्फको विजेता टिमलाई १ लाख १० हजार र उपविजेता टिमलाई ६० हजार र तृतीय टिमलाई २० हजार सहित सिल्ड, मेडल तथा प्रमाणपत्र दिइने क्लबका अध्यक्ष सुजन गुरुङले बताए । सान्त्वना स्थान हाँसिल गर्ने टिमले १० हजार पाउनेछ। महिलातर्फ प्रथम हुने टिमलाई नगद २० हजार, द्वितीयलाई १० हजारसहित सिल्ड, मेडल तथा प्रमाणत्र प्रदान गरिनेछ । मेलामा छेलो हान्ने, रस्साकस्सी, म्युजिकल चियर, बेलुन फुटाउने प्रतियोगिता, विविध साँस्कृतिक कार्यक्रम, लाइभ कन्सर्ट, ख्याति प्राप्त लोक तथा दोहोरी कलाकारका प्रस्तुतिसमेत हुने छन्।

यहाँको होमस्टेमा दिनमा पाँच सय पाहुना राख्न सक्ने क्षमता छ। सामुदायिक होमस्टे ल्वाङकी अध्यक्ष सुमित्रा गुरुङ अहिले २६ घरमा होमस्टे रहेको सुनाउँछिन् । ल्वाङका होमस्टेमा स्वदेशीसँगै विदेशी पर्यटक पनि पुग्ने गरेका छन्।

गत वर्ष ल्वाङमा ४ सय ६३ विदेशी बसेको अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) इलाका संरक्षण कार्यालय ल्वाङको रेकर्ड छ। यहाँको चियाबारी र हिमालको सुन्दर दृश्यले पाहुनालाई तान्ने गरेका छन्।

यात्रु तथा पर्यटकहरुको सधै जोखिमपूर्ण यात्रालाइ सुरक्षित यात्रा बनाउन र ग्रामिण पर्यटनलाई प्रवर्द्धन गर्न प्रदेश सरकार सधै तत्पर रेहेको मन्त्री केसीले बताए। प्रदेश सरकारले निर्माण सम्पन्न गरेको भांडखोला ल्वाङ सडक गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री केसीले उद्धाटन गरे।

पोखराबाट करिब २४ कि. मि. को छोटो दुरीमा अवस्थित पर्यटकीय गन्तव्यको रमणीय ल्वाङ गाउँ नेपालको धेरै आन्तरिक साथै वाहिय पर्यटकहरुको गन्तब्यको रुपमा चिनिन्छ । हेम्जा मिलनचोक देखि लुम्रे सडकको करिब ६.५ कि.मि. सडक कालो पत्रे भएको तर करिब ३ कि.मि. सडक कच्ची रहेको र करिब १.५ कि.मि. सडक अत्यन्त जोखिमपूर्ण भएको कारण सवारी साधनहरुमा यात्रुहरु सधै जोखिमपूर्ण यात्रा गर्न बाध्य रहेको मन्त्री केसीले बताए।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# केपी ओली टी-२० क्रिकेट जारी: काठमाडौं र हेटौंडाको जित

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत

पोखरामा जारी दोस्रो केपी ओली कप टि-२० राष्ट्रिय खुल्ला क्लब स्तरीय पुरुष क्रिकेटमा आइतबार एकै समूहका दुई खेल सम्पन्न भएका छन्।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा पोखरा रंगशालास्थित क्रिकेट मैदानमा जारी प्रतियोगिताको समूह 'ए' बाट दुई खेलमा जित हासिल गर्दै सिइसी काठमाडौं सेमीफाइनल प्रवेशको सम्भावनालाई बलियो बनाएको छ। १२७ रनको विजयी लक्ष्य पाएको काठमाडौंले १४.१ ओभरमा ३ विकेट गुमाउँदै १२७ रन पुरा गऱ्यो । काठमाडौंका लागि दिपेन्द्र रावतले ४९ रनको योगदान दिदैं क्याच आउट भए। उनले ४२ बलमा ५ चौका र २ छक्का प्रहार गरे । ओपनर रित गौतमले २३ बलमा ६ चौका र १ छक्काको मद्धतमा ३८ रन बनाउँदै क्याचआउट भए। पृथु बास्कोटा २१ रनमा र अर्जुन घर्ति ७ रनमा नटआउट रहे। पृथुले १४ बलमा १ चौका २ छक्का प्रहार गरे भने अर्जुनले २ बलमा १ छक्का प्रहार गरे। स्याङजाका लागि अस्विनी रानाले २ तथा किरण भट्टराईले १ विकेट लिए । काठमाडौंले यस अघि हेटौडालाई हराएको थियो।



त्यसअघि टस जितेर व्याटिङ थालेको स्याङ्जाले २० ओभरमा ७ विकेट गुमाउँदै १२६ रन बनायो। ओपनर करण पंगेनी १४ रनमा आउट भए। १४ बलमा उनले १ चौका र १ छक्का प्रहार गरे । इश्वर क्षेत्रीले ३४ रनको योगदान दिए। उनले २४ बलमा ४ चौका र २ छक्का प्रहार गरे। मिलन क्षेत्री ३, विशाल कोइराला १७, सन्दीप खत्री क्षेत्री १, सुजन गौतम ११, अस्विनि राना २ रनमा आउट भए। किरण भट्टराई १५ र लक्ष्मण डुम्रे ११ रनमा नटआउट रहे । काठमाडौका लागि दिपेन्द्र रावतले ४ ओभरमा एक मेडनसहित ११ रन खर्चेर सर्वाधिक ४ विकेट लिए । उनी खेलको म्यानअफ दी म्याच घोषित भए। यस्तै मनोज यादव, युनिश विक्रम सिंह र सुर्य तामाङले समान १/१ विकेट लिए। सोही समुहको अर्को खेलमा हेटौंडा स्पोर्ट्स एकेडेमीले पोखरा महानगरपालिका क्रिकेट क्लबलाई ४ विकेटले हरायो । ७२ रनको सामान्य लक्ष्य पाएको हेटौंडाले १२ ओभरमा ६ विकेट गुमाउदै पूरा गऱ्यो । हेटौंडाका ओपनर गौरव खड्काले ३४ रनको उत्कृष्ट पारी खेल्दै क्याच आउटभए । उनले ३२ बल ४ चौका समेत प्रहार गरे। राम नरेश गिरि १४ र अकिलेश ठाकुर ८ रनमा नट आउट रहे । गिरिले १० बलमा १ चौका र १ छक्का प्रहार गरे भने ठाकुरले ८ बलमा १ चौका प्रहार गरे। शुभ कंशाकार, युविन बुढाथोकी शुन्यमै आउट भए । सुमन सुनार ६, विशाल फुयाल ३, सक्षम बस्ताकोटी ४ रनमा आउट भए । पोखराका लागि सुवास बास्तोला र अन्जन केसिले २/२ तथा समीर भुजेल र मार्सल बरालले १/१ विकेट लिए । त्यस अघि टस जितेर व्याटिङ थालेको पोखरा १६.५ ओभरमा अलआउट हुन पुग्यो । पोखराका ओपनर दिपक बरालले १४ रन जोडे । सुमित श्रेष्ठले पोखराका लागि सर्वाधिक २६ रनको योगदान दिए। उनले ३९ बलमा ३ चौका प्रहार गरे। प्रमोद बास्तोलाले २२ रन जोड्नु बाहेक अन्य ब्याट्स म्यानले दोहोरो अंक जोड्न सकेनन्। धिरज अधिकारी २, कविन सापकोटा १(रन आउट), मार्सल बराल १(रन आउट), सुवास बास्तोला १ रनमा आउट भए भने विष्णु प्रसाद शर्मा, साहिल पौडेल र अन्जन केसि शुन्यमै आउट भए । हेटौंडाका लागि असिम श्रेष्ठ र अकिलेश ठाकुरले समान ३/३ विकेट लिए भने सांसद अलि मन्सिरीले २ विकेट लिए । समूह ए मा काठमाडौंले आफ्नो शिर्षस्थानका लागि सम्भावना बलियो बनाएपनि भोलि पोखरा संग हारेको खण्डमा भने हेटौंडा र स्याङ्जाको समेत सम्भावनाको ढोका खोल्नेछ। प्रतियोगितामा भोलि तेस्रो दिन समूह 'ए' तर्फको पोखरा महानगरपालिका र काठमाडौं तथा सोहि समूहको हेटौडा र स्याङ्जा बिच खेल हुनेछ।

## हेमजामा ...

विष्णुपादुका खेल मैदान पुगेको थियो। वि.सं. २०७८ को जनगणना अनुसार हेमजामा कुल ३ हजार ५ सय १७ घरमा २२ हजार ५ सय ३२ मानिस वसोबास गर्दछन् । हेमजाको कुल १३ हजार ५ सय हेक्टर क्षेत्रफल मध्ये ५ सय ५० हेक्टरमा आलु खेती गर्ने गरिन्छ। त्यहाँका २ हजार घरपरिवार कृषिमा आधारित रहेकोमा १ हजार ५० कृषकले व्यवसायिक आलु खेती गर्दै आउनुभएको छ।

त्यहाँ प्रति रोपनी आलुको औसत उत्पादन लागत रु.१८ हजार ५ सय ५७ रहेकोमा औषद उत्पादन ७ सय ५ केजी प्रतिरोपनी रहेको तथ्याङकमा उल्लेख छ। महोत्सवमा प्रतिकेजी ४२ रुपैयाँमा आलुको कारोवार भइरहेको छ। आजदेखि सुरु महोत्सव यहि वैशाख ३ गतेसम्म संचालन हुनेछ। मूल समारोह समितिका अध्यक्ष श्रेष्ठको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रम महासचिव हिक्मत थापा तथा संचारकर्मी परशुराम अधिकारीले संयुक्त रुपमा संचालन गर्नुभयो ।पोखरा, २४ चैत । आजदेखि १३ औं संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सव सुरु हुँदैछ ।महोत्सवको सम्पूर्ण तयारी पुरा भएको र पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले उद्घाटन गर्ने कार्यक्रम रहेको आयोजक विष्णुपादुका क्लवका अध्यक्ष समेत रहनुभएका मूल आयोजक समितिका संयोजक वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो।

'सुन्दर ठाउँ हेमजा जाउँ, आलुका स्वादिष्ट परिकार खाउँ: आलु एक परिकार अनेक' भन्ने मूल नाराका साथ संचालन हुन लागेको उक्त महोत्सवका आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार, कृषकका लागि माटो, बोटविरुवा परीक्षण तथा रोगको निदान रहेका छन् । त्यस्तै कृषक तथा कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रतियोगिता, चर्चित कलाकारहरुका प्रस्तुति, कृषक सम्मान साथै विभिन्न कृषि उपज, वीउविजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी पनि रहेको आयोजक विष्णुपादुका क्लवले जनाएको छ। महोत्सव सुरु हुनुपुर्व बाजागाँजा, कृषि झाँकी सहित विष्णुपादुका माइस्थानबाट शोभायात्रा सुरु हुने र उक्त शोभायात्रा मिलनचोक, नहरचोक, साँझाचोक, सोतीपसल हुँदै महोत्सव स्थल विष्णुपादुका खेल मैदान पुग्ने कार्यक्रम छ । महोत्सव प्रवेशका लागि साधारणतर्फ रु. ८० तथा विद्यार्थीका लागि ५० दरको टिकट व्यवस्था गरिएको छ । त्यस्तै रु.२०० मा महोत्सव अवधिभरका लागि स्थानीय पासको बन्दोवस्त समेत मिलाइएको र महोत्सवमा प्रतिकेजी ४२ रुपैयाँमा आलु कारोवार हुने मूल आयोजक समितिका महासचिव हिम्मत थापाले जानकारी दिनुभयो। वि.सं. २०७८ को जनगणना अनुसार हेमजामा कुल ३ हजार ५ सय १७ घरमा २२ हजार ५ सय ३२ मानिस वसोबास गर्दछन्। हेमजाको कुल १३ हजार ५ सय हेक्टर क्षेत्रफल मध्ये ५ सय ५० हेक्टरमा आलु खेती गर्ने गरिन्छ । त्यहाँका २ हजार घरपरिवार कृषिमा आधारित रहेकोमा १ हजार ५० कृषकले व्यवसायिक आलु खेती गर्दै आउनुभएको छ। त्यहाँ प्रति रोपनी आलुको औसत उत्पादन लागत रु.१८ हजार ५ सय ५७ रहेकोमा औसद उत्पादन ७ सय ५ केजी प्रतिरोपनी रहेको तथ्याङकमा उल्लेख छ। हेमजामा उत्पादन भएका आलु तथा अन्य ताजा तरकारीका वृहत प्रदर्शन एवम् प्रचारप्रसार गर्ने, हेमजालाई व्यवसायिक कृषि पर्यटन क्षेत्रका रुपमा देश विदेशमा चिनाउने, क्लब भवन निर्माणका साथै तरकारी संकलन तथा बिक्री वितरण केन्द्र निर्माण गर्ने एवम् विष्णुपादुका बहुउद्देश्यीय भवन निर्माणलाई पूर्णता दिने उद्देश्यका साथ महोत्सव गर्न लागिएको हो। आजदेखि सुरु हुने महोत्सव यहि वैशाख ३ गतेसम्म संचालन हुनेछ।

# भलिबलको साख फर्काउने चाहनामा कप्तान अरुणा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत

राष्ट्रिय महिला भलिबल टोलीका कप्तान अरुणा शाहीले पोखरा-३ नदीपुरमा एलिट भलिबल एकेडेमी सञ्चालन गर्नुभएको छ।

सो एकेडेमीमा महिला खेलाडीलाई नियमित प्रशिक्षण प्रदान गरिँदै आइएको छ । एकेडेमीबाट क्षमतावान् महिला भलिबल खेलाडी उत्पादन गरेर विगतको गण्डकीको भलिबलको साख फर्काउने चाहना अरुणाको छ ।एकेडेमी चलाउनका लागि भने आर्थिक रूपमा समस्या भएकाले स्रोत जुटाउनका लागि यही चैत २९ देखि वैशाख १ गतेसम्म प्रथम एलिट कप महिला तथा पुरुष भलिबल प्रतियोगिताको तयारी गरिएको छ । एकेडेमीमै हुने प्रतियोगिताबाट खेलाडी उत्पादनमा टेवा पुग्ने राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान एवं एकेडेमीकी प्रशिक्षक शाहीले बताउनुभयो।

प्रतियोगिता संयोजकसमेत रहनुभएकी अरुणाले प्रतियोगिताबाट बचत रकम महिला खेलाडी उत्पादनमा खर्चिने बताउनुभयो। उहाँले भन्नुभयो, "प्रतियोगिताबाट आएका उत्कृष्ट खेलाडीलाई पठनपाठनमा छात्रवृत्तिसँगै निःशुल्क प्रशिक्षण गराउनेछौं। त्यसले भविष्यमा खेलाडी उत्पादनमा टेवा पुग्ने हाम्रो विश्वास छ।" एकेडेमीले उत्कृष्ट दुई महिला खेलाडीलाई पठनपाठनसँगै निःशुल्क प्रशिक्षण गराउने जनाएको छ । विशेषगरी महिला भलिबल खेलाडी उत्पादन गर्ने लक्ष्य एकेडेमीको रहेको शाही बताउँछिन् । "पुरुषभन्दा पनि महिला खेलाडी उत्पादन गर्नु हाम्रो एकेडेमीको लक्ष्य हो। कसरी हुन्छ, पहिलाको जुन साख छ पोखरा र गण्डकीको त्यसलाई उजागर गर्ने हाम्रो उद्देश्य हो", शाहीले भन्नुभयो।

प्रतियोगितामा पुरुषतर्फको विजेताले रु एक लाख र उपविजेताले रु ५० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछन् । महिलातर्फ विजेतालाई रु ५० हजार र उपविजेतालाई रु २५ हजार प्रदान गरिने आयोजकले जनाएको छ । प्रतियोगितामा सर्वोत्कृष्ट पुरुष खेलाडीले रु पाँच हजार र सर्वोत्कृष्ट महिला खेलाडीले रु तीन हजार प्राप्त गर्नेछन्। विधागततर्फ उत्कृष्ट हुने पुरुष खेलाडीलाई समान रु दुई हजार र महिलातर्फ समान रु एक हजार ५०० प्रदान गरिनेछ। पुरुषतर्फ दर्ता शुल्क रु छ हजार ५०० र महिलातर्फ रु तीन हजार ५०० तोकिएको छ। दुवैतर्फ टिममा सातौं, आठौं र नवौं राष्ट्रिय खेलकुद र अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागी भएका बढीमा दुई जना खेलाडी समावेश गर्न पाइने प्रतियोगिता संयोजक शाहीले बताउनुभयो । हालसम्म पुरुषतर्फ नौ र महिलातर्फ सात टोलीले नाम दर्ता गराएको खेल संयोजक तथा एकेडेमीका प्रशिक्षक मलिन रोकाले जानकारी दिनुभयो। महिला भलिबलका कप्तान शाहीसहित तीन जना मिलेर नदीपुरमा एलिट भलिबल एकेडेमी सञ्चालन गरेका छन् । उनीहरूले महिला खेलाडीलाई नियमित प्रशिक्षण गराउँदै आएका छन्।

## उत्तरपुस्तिका ...

आन्दोनल गरिरहेको महासङ्घले सोमबारदेखि शैक्षिक हडतालको घोषणा गरिएको महासङ्घ अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले जानकारी दिनुभयो।

आन्दोलन अवधिभरि उत्तर पुस्तिका परीक्षण, नतिजा प्रकाशन, तालिम गोष्ठी, शैक्षिक भ्रमणजस्ता कुनै पनि कार्यमा सङ्लग्न नहुन उहाँले आग्रह गर्नुभएको छ । महासङ्घको अगुवाइमा विद्यालय शिक्षा विधेयक जारी गर्नुपर्ने माग राख्दै आन्लोन भइरहेको छ । महासङ्घ अध्यक्ष सुवेदीले विगतमा भएका सहमतिअनुसार विधेयक जारी गर्नुपर्ने र सो नभएसम्म आन्दोलनमै रहने बताउनुभयो। उहाँले अध्यादेशबाट भए पनि विगतमा गरिएका सहमतिअनुसार विधेयक जारी गर्नुपर्ने माग गर्नुभयो।

# ल्वाङ गाउँमा ३१ औं चैते दशैं मेला सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत



कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नं ८ स्थित पर्यटकीय ल्वाङ गाउँमा ऐतिहासिक ३१ औं चैते दशैं मेला आइतबारदेखि सुरु भएको छ।

'चैत्र दशैं मेलाको निकाश, पर्यटन संस्कृति र ग्रामिण पर्यटनको विकास' भन्ने नाराका साथ स्थानीय ग्रिन हिल क्लबको आयोजनामा सुरु मेलाको एक कार्यक्रमका बीच गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसीले उद्घाटन गर्नुभयो। कार्यक्रममा उहाँले चिया खेतीका कारण मिनि इलामका रुपमा परिचित ल्वाङ गाउँमा आँफैमा महत्वपूर्ण पर्यटकीय गन्तव्य भएको बताउनुभयो । युवा सकृयतामा विगत लामो समयदेखि चैते दशैं मेला आयोजना गरिदै आइएको उल्लेख गर्दै आम युवामाझ सकारात्मक सोचको अभिबृद्धि बर्तमानको आवश्यकता भएको बताउनुभयो । हाम्रो अपेक्षा विद्यमान सिमित स्रोतसाधन भन्दा बढी भएका कारण सबै समस्या एकैपटक समाधान हुन सम्भव नभएको भन्दै उहाँले समयसँगै समस्याहरु क्रमशः समाधान हुँदै जाने बताउनुभयो । देशमा केही भएन भन्ने भन्दा पनि भइरहेका काम हेरेर हामी स्वयम् सकारात्मक बन्न जरुरी रहेको र युवामा सकारात्मक सोच निर्माण गर्नु अहिलेको आवश्यकता भएको उहाँको भनाइ छ। पोखराबाट करिब २४ कि. मि. को छोटो दुरीमा अवस्थित पर्यटकीय गन्तव्यको रमणीय ल्वाङ गाउँ आन्तरिक साथै वाह्य पर्यटकहरूको गन्तब्य भएको उहाँले उल्लेख गर्नुभयो । यस क्षेत्रका पूर्वाधार विकासका लागि प्रदेश सरकारको निरन्तर साथ र सहयोग रहने मन्त्री केसीको भनाइ छ । पर्यटकीय गाउँहरू धम्पुस र ल्वांगलाई मितेरी सम्बन्ध लगाउन चालु आ.ब.मा घट्टेखोला धम्पुस सडकको ठेक्का व्यवस्थापन भएर सम्झौता भईसकेको जानकारी दिदै उहाँले अब छिट्टै नै घट्टेखोला धम्पुस सडकमा निर्माण व्यवसायीले कार्य आरम्भ गर्ने र यी दुई गाउँको भगिनी सम्बन्ध स्थापित बन्ने विश्वास व्यक्त गर्नुभयो। गण्डकी प्रदेश सभा सदस्य गणेशमान गुरुङले गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषा बनाउने गरी विधेयक ल्याउने तयारी गरिएको जानकारी दिनुभयो । सरकारले घरेलु मदिरालाई ब्राण्डिङ गर्ने गरी विधेयक अघि बढाएको बताउँदै उहाँले आगामी दिनमा घरेलु मदिरा कसरी गुणस्तरीय बनाउने हो त्यसतर्फ लाग्न पनि सुझाउनुभयो। ग्रिन हिल क्लबका अध्यक्ष सुजन गुरुङले गाउँको पर्यटन प्रवर्द्धन एवम् संस्कृतिको जगेर्ना गर्ने उद्देश्यका साथ मेला आयोजना गरिएको जानकारी दिनुभयो। उक्त अवसरमा ल्वाङ गाउँमा प्राचीन कालदेखि सञ्चालन हुँदै आएको कटुवाल प्रथालाई निरन्तरता दिन आफ्नो जीवनको ५५ वर्ष समय योगदान गर्नुभएका ज्येष्ठ नागरिक हस्तबहादुर परियारलाई क्लबका तर्फबाट दोसल्ला र सम्मापत्र प्रदान गर्दै मन्त्री केसीले सम्मान गर्नुभएको थियो। उक्त अवसरमा सडक निर्माणका क्रममा आवश्यक जग्गा दानगर्ने जग्गादातालाई पनि सम्मान गरिएको थियो। कार्यक्रममा नेकपा एमाले कास्कीका उपसचिव लालबहादुर परियार, पूर्वाधार विकास कार्यालयका प्रमुख सोभित खड्का, ल्वाङ समितिका अध्यक्ष हितकाजी गुरुङ, एक्याप ल्वांगका प्रमुख लेखनाथ गौतम, लगायतले बोल्नुभएको थियो । आगामी चैत २७ गतेसम्म चल्ने मेलामा क्लबस्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिता लगायत विभिन्न सांकृतिक कार्यक्रम हुने जनाइएको छ । मन्त्री केसीले आजै भाङखोलादेखि ल्वाङसम्मको नवनिर्मित बाटोको उद्घाटन गर्नुभयो। गण्डकी प्रदेश सरकारको करिब पाँच करोडको रुपैयाँको लागतमा उक्त क्षेत्रमा पहिलो चरणमा एक हजार २४ मिटर ढलान बाटो निर्माण गरिएको हो। मन्त्री केसीलाई खोराको मुख क्षेत्रका स्थानीयले मर्दी खोलामा ल्वाङ खोराको मुखबाट र रिभान जोड्ने ७० मिटर लामो प्रस्तावित सडक पुल निर्माणका लागि बजेट सुनिश्चित गरी प्रक्रिया अघि बढाइएको भन्दै स्वागत समेत गरेका थिए।

# कमलपोखरी सहकारीमा ७१ युनिट रगत

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत

पोखरा महागरपालिका वडा नं १३ बाँझापाटन स्थित कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा आइतवार खुल्ला रक्तदान तथा निशुल्क रक्त परिक्षण सम्पन्न भयो।

संस्थाले बार्षिक रुपमा गर्दै आइरहेको रक्तदान कार्यक्रम चौथो पटक गरेको हो। रक्तदान कार्यक्रम सुरु हुनु अघि कमलपोखरी सहकारीका पुर्व अध्यक्ष तथा निवर्तमान सल्लाहकार प्रा.तारानाथ बरालप्रति एक मिनेट मौन धारण गरी कार्यक्रम सुरु गरिएको थियो। पोखरा महानगरपालिका वडा नं १३ का वडा सदस्य बलवहादुर बरालले पहिलो रक्तदाता रबि बरालाई ब्लड व्याग दिएर उद्घाटन गरिएको थियो।

युआरएल न्युरोडको प्राबिधिक सहयोगमा गरिएको निशुल्क रक्त परिक्षणमा २ सय ४५ जना व्यक्तिहरुले रक्त परिक्षण गरिएको थियो भने ७१ युनिट रगत संकलन भएको कार्यक्रम संयोजक भबसागर बरालले पोखरापत्रलाई वताउनु भयो । कार्यक्रममा युआरएलका प्रमुख ठाकुर प्रसाद पन्त, प्रादेशिक रक्त सञ्चार सेवा, पोखराका अर्जुन ज्ञवाली लगायतले रगतको वारे चर्चा गरेका थिए। सहकारीका



अध्यक्ष माधवप्रसाद आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा सहकारीका सचिब कुमार केसीले संचालन गरेका थिए।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# रामनवमीको शुभकामना !

हिन्दुधर्मावलम्बीले भगवान् श्रीरामको सम्झनामा रामनवमी पर्व भब्य रुपमा मनाउने गर्दछन । चैत्र शुक्ल नवमीका दिन मर्यादा पुरुषोत्तम भगवान् रामको सम्झनामा 'रामनवमी' पर्व नेपाल, भारत लगायत हिन्दु धर्म मान्नेहरुले भव्य गरी मनाएका छन असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्झनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामको मन्दिरमा पूजापाठ गरिन्छ । जनकपुरस्थित रामजानकीको मन्दिरमा मेला भर्न नेपाल तथा भारतका नरनारीको घुइँचो लागेको थियो। त्रेतायुगमा नवमी तिथिमा अयोध्यामा राजा दशरथ र रानी कौशल्यावतीको सुपुत्रका रुपमा विष्णुको अवतार लिएर भगवान् श्रीरामको जन्म भएको थियो । त्यही स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डहरूमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मीकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने र भगवान् रामको पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ ।

सो दिन व्रत बसी श्री रामको पूजापाठ र जपध्यान गर्नाले चिताएको कार्य पूरा हुने र अर्को जन्ममा बैकुण्ठ वास हुने कुरा 'व्रतार्क' नामक धर्मग्रन्थमा उल्लेख छ । अयोध्याका राजा दशरथका जेठा छोरा भई भगवान् विष्णुको सातौँ अवतारका रूपमा जन्मेका श्रीरामले मिथिलाका राजा जनककी छोरी सीतासँग विवाह गरेपछि संसारबाट पापी तथा दुष्ट राक्षसहरूको नाश गरेको वर्णन गर्ने गरिन्छ । सरकारले राम नवमीका दिन सार्वजनिक विदा दिएको छ ।

पितृ, मातृ भक्त, ठूलालाई आदर र सानालाई माया गर्ने आदर्श पुरुषका रुपमा रामले अयोध्यामा राज्य गरेकोले उनको शासनकाललाई अहिले पनि रामराज्यका रुपमा स्मरण गरिन्छ । सृष्टिमा दुर्जनको अन्त्य गरी सज्जनको रक्षाका लागि भगवान् विष्णुले रामका रुपमा मनुष्यलोकमा जन्म लिएको भन्ने छ । रामकै जस्तो गुण प्राप्त होस् भन्ने कामनाले श्रीरामनवमी पर्व मनाउने गरिएको धर्मशास्त्रविद्हरु बताउँछन् । रामनवमीका दिन श्रीरामको व्रत, उपवास गरी पूजा, आराधना गर्नाले यो लोकमा सुख, शान्ति र परलोकमा सद्गति पाइने रामायणलगायत धर्मग्रन्थमा उल्लेख गरिएको छ । आफ्ना पिताको कठोर आज्ञालाई सहजतापूर्वक ग्रहण गरी मानव जातिलाई सत्यको मार्गमा लाग्न प्रेरणा दिएको सम्झनामा श्रीरामनवमी पर्व मनाउन थालिएको धार्मिक ग्रन्थमा उल्लेखछ । मर्यादा,सत्य र तपस्या को पर्यायको रुपमा श्रीरामलाई लिने गरिन्छ ।

नेपालको ऐतिहासिक र मौलिक संस्कृति र पर्व माथि अतिक्रमण भइरहेको बेला हाम्रा मौलिक संस्कृति ,ऐतिहासिक धार्मिक मान्यतालाई जोगाउन रामनवमीले सधैं सत्मार्गमा लाग्न प्रेरित गर्नेछ । रामलाई वैदिक सनातन हिन्दु धर्म संस्कृतिमा सबैभन्दा धेरै बढी पुजिने भगवानका रूपमा लिइन्छ । त्यही भएर रामका भाइहरू भरत, लक्ष्मण र शत्रुधन नाम गरेका अरू तीन जना भाइहरू थिए । भरतकी माता कैकेयीले छलपूर्वक दशरथ राजालाई परिबन्धमा पारेर रामलाई १४ वर्ष वनवास पठाएकी थिइन् । तर रामका प्रिय भक्त भएका कारण भरतले पनि वनमै पुगेर रामले लगाउने चप्पल (खराउ)लाई सिंहासनमा राखेर पुजेको किंवदन्ती छ ।सत्य र तपस्या र मर्यादाको पर्याय रामनवमीको शुभकामना !


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# वनबाट पतिङ्गर सङ्कलन गरेबापत नगद पुरस्कार

**पोखरापत्र संवाददाता**
गोरखा, २४ चैत

देशैभर वन जङ्गलमा डढेलो लागिरहेका घटना सार्वजनिक भइरहेका बेला गोरखाको भीमसेनथापा गाउँपालिकाले भने डढेलो नियन्त्रणका लागि ' पातपतिङ्गर सङ्कलन' कार्यक्रम लागू गरेको छ। कार्यक्रमअन्तर्गत पालिकाले पतिङ्गर सङ्कलन गरेबापत नगद पुरस्कार दिने घोषणा गरेको छ।

पालिकाभित्रका सामुदायिक वनबाट पातपतिङ्गर सङ्कलन गर्नेलाई प्रतिकेजी रु दुईका दरले नगद उपलब्ध गराउने निर्णय भएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत चित्रबहादुर अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार व्यक्ति तथा समूहले सम्बन्धित सामुदायिक वन उपभोक्ता समिति तथा वडा कार्यालयसँग समन्वय गरेर पतिङ्गर सङ्कलन गर्न पाउने छन् । गाउँपालिकाभित्र डढेलो लगाउने कार्य निरुत्साहन तथा वन डढेलो नियन्त्रण गर्ने उद्देश्यसहित कार्यक्रम लागू गरिएको अधिकारीले जानकारी दिनुभयो ।

"सङ्कलित पातपतिङ्गर प्राङ्गरिक मल बनाउन प्रयोग हुन्छ । त्यसको व्यवस्थापन तथा बिक्री वितरणको जिम्मा भने सम्बन्धित सामुदायिक वन तथा वडा कार्यालयलाई दिइनेछ", उहाँले भन्नुभयो, "कार्यक्रम नयाँ हो तर यसलाई सबैजनाले सिको गर्न लायक बनाउने लक्ष्य छ ।" पालिकाबाट अनुगमन गरेपछि मात्र पतिङ्गर सङ्कलनबापतको रकम उपलब्ध गराइने प्रमुख प्रशासकीय अधिकृत अधिकारीले बताउनुभयो । कार्यक्रमले वन डढेलो नियन्त्रण गर्नुका साथै सामुदायिक वनको आयआर्जन बढाउन पनि सहयोग पुऱ्याउने विश्वास गरिएको छ । हाल गाउँपालिकाका अधिकांश वनजङ्गलमा धमाधम पतिङ्गर सङ्कलन गर्ने काम भइरहेको गाउँपालिकाले जनाएको छ।

# फस्टाउँदै बुर्तिबाङको पर्यटन व्यवसाय

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ चैत

जिल्लाको दोस्रो व्यापारिक केन्द्र हो बुर्तिबाङ बजार । व्यापारिक सटर खाली हुँदै बजार क्षेत्रको व्यवसाय धरासायी बन्दै गइरहेको सन्दर्भमा यहाँको बुर्तिबाङ बजार भने पर्यटकीय र व्यापारिक दुवै हिसाब चलायमान देखिएको छ । यहाँको पर्यटन व्यवसाय पछिल्लो समय फस्टाउँदो छ ।

नयाँ सहरका रूपमा विकसित भइरहेको बुर्तिबाङ बजार देशकै १० नमूना सहर बनाउनेगरी सरकारले सूचीकृत गरेको बजार हो । यहाँको व्यापारसमेत फस्टाउँदो छ। ढोपाटन नगरपालिकाको केन्द्र बुर्तिबाङ बजार निसीखोला, तमानखोला र बडिगाड गाउँपालिकाको प्रमुख सहरका रूपमा रहेको छ । चार पालिकाको स्वास्थ्योपचार, किनमेल तथा प्रशासनिक काम पनि बुर्तिबाङ बजारबाटै हुने गरेको छ । इलाका प्रशासन कार्यालय, नापी र मालपोतजस्ता कार्यालय यही बजारमा छन् ।

नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन पुग्ने पर्यटकका कारण बुर्तिबाङ बजार 'गुल्जार' भइरहेको स्थानीय बताउँछन् । पछिल्लो समय आन्तरिक पर्यटकका कारण यहाँ होटल व्यवसाय पनि राम्रो चलेका छन् । ढोरपाटन सिकार आरक्ष, ढोरबराही जाने आन्तरिक तथा बाह्य पर्यटक बास बस्नका लागि यहीँ आउने गरेका छन्भने मध्यपहाडी पुष्पलाल लोकमार्गले जोडिएपछि रुकुमतर्फबाट पनि पर्यटक आउने गरेका छन् । बागलुङबाट रुकुमतर्फ जाने पर्यटक तथा यात्री यहाँ आउने गरेको बुर्तिबाङका होटल व्यवसायी जीतबहादुर भट्टचनले जानकारी दिनुभयो । उहाँले आन्तरिक पर्यटकको चापका कारण पछिल्लो समय होटल व्यवसायमा लगानी थपिएको बताउनुभयो । "निसीखोला, तमानखोला,बडिगाड र ढोरपाटनका पर्यटकीयस्थल घुम्न आएका पाहुना खानबस्न यही आइपुग्छन्, नेपालकै एकमात्र सिकार आरक्ष क्षेत्र पुग्ने पर्यटकका कारण बुर्तिबाङ बजारको सम्भावना निकै रहेको छ, यहाँ सुविधासम्पन्न ठूला होटल थपिने क्रम जारी छ, पर्यटकीय याममा यहाँको होटल भरिएका हुन्छन्", भट्टचनले भन्नुभयो, "बुर्तिबाङ बजार जनघनत्व भएको पालिकाको केन्द्रमा पर्दै आएको छभने नयाँ सहरोन्मुख रहेकाले अन्य बजारभन्दा यहाँको बजार चलायमान छ ।" यहाँका स्थानीयको स्वास्थ्य सेवालाई मध्यनजर गर्दै प्रदेशस्तरीय ५० शयूयाको अस्पताल पनि स्थापना गरिएको छभने सामुदायिक क्याम्पसलगायतको सुविधासमेत छ। मध्यपहाडी लोकमार्ग कालोपत्र भएपछि बुर्तिबाङ बजार चलायमान भएको बताउँदै ढोरपाटन नगरपालिका-६ का स्थानीय हीराबहादुर भण्डारीले बुर्तिवाङ-ढोरपाटन सडक कालोपत्र भए अझै सहज हुने बताउनुभयो । एक हजार २०० घर रहेको बुर्तिबाङमा किनमेल गर्न आउनेको भीड देखिन्छ । बुटवलसँगै राजमार्गले जोडिएको यस बजार पछिल्लो समय पर्यटकका कारण चलायमान भएको स्थानीय बताउँछन् । ढोरपाटन उद्योग वाणिज्य सङ्घका अध्यक्ष ढालेन्द्र छन्त्यालले मध्यपहाडी लोकमार्ग र ढोरपाटन सिकार आरक्षका कारण बुर्तिबाङ बजार गुल्जार बनेको बताउनुभयो । उहाँले लोकमार्ग कालोपत्र भएर रुकुमसँग जोडिएपछि रुकुमपूर्वबाट यातयातका साधन तथा मालबाहक सवारीसाधन बुर्तिबाङ हुँदै चल्ने जानकारी दिनुभयो । ढोरपाटन घुम्न आउने पर्यटकसँगै पछिल्लो समय काठमाडौँबाट रारा जाने पर्यटक पनि यही मार्ग प्रयोग गर्न थालेको छन्त्यालको भनाइ छ । "लोकमार्गले रुकुमका सवारीसाधन यही मार्ग भएर काठमाडौँलगायत अन्य ठूला सहरमा पुग्छन्, राराताल घुम्न जाने पर्यटक छोटो मार्गका रूपमा यही लोकमार्ग हुँदै बुर्तिबाङ बसेर जाने गरेका छन्", छन्त्यालले भन्नुभयो, "अन्य सहरको तुलनामा बुर्तिबाङ बजार चलायमान देखिन्छ, पर्यटकीय क्षेत्र ढोरपाटन उपत्यकामा सुविधासम्पन्न होटल नहुनु र बुर्तिवाङबाट ८५ किलोमिटर टाढा रुकुमपूर्व पर्ने भएकाले अधिकांश पर्यटकले एक रात यही बिताउने गरेका छन्, यहाँको नयाँ सहर निकै सम्भावना बोकेको सहरका रूपमा विकसित भइरहेको छ ।" राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको ढोरपाटन सालझण्डी सडक कालोपत्र भएमा यहाँको पर्यटन व्यवसाय झनै फस्टाउने अपेक्षा गरिएको छ ।

# आर्दश समाज सामाजिक संस्थाको अध्यक्षमा इन्दिरा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ चैत



पोखरा १२ पुरानोधारामा रहेको आर्दश समाज सामाजिक संस्थाको अध्यक्षमा इन्दिरा भण्डारी कोइराला सर्वसम्मत निर्वाचित हुनुभएको भएको छ ।

संस्थाको ४६औ साधारणसभा तथा १७ औ अधिबेशनले संस्थाको उपाध्यक्षमा सुमित्रा कोइराला सचिवमा शान्ता कोइराला कोषाध्यक्षमा अमृत शर्मा सहसचिवमा रोशनि कोइराला सह कोषाध्यक्ष शान्ता कोइराला सदस्यहरुमा शिव प्रसाद कोइरला सारदा कोइराला धुर्बनाथ कोइराला मधुसूदन कोइराला सुमन कोइराला चयन हुनुभएको भएको छ । निर्वाचन समितिको संयोजकमा शम्भुराज बास्तोला तथा सदस्यहरूमा शिव प्रसाद कोइराला र बसन्तराज कोइराला रहनुभएको थियो ।

संस्थाका अध्यक्ष लक्ष्मी कोइरालाको अध्यक्षतामा सम्पन्न भएको साधारणसभा तथा अधिबेशन कायक्रममा स्वागत मन्तव्य संस्थाका उपाध्यक्ष इन्दिरा कोइरालाले गर्नुभएको थियो भने कार्यक्रम सन्चालन सस्थाका सचिव सुमित्रा कोइरालले गर्नुभएको थियो ।

# हराउँदै चैते दसैँ मेलाको मौलिकता

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ चैत

'चैते दसैँ मेलैमा, माया बस्यो ख्याल ख्यालैमा'

'बागलुङ बजार मेलैमा, झर्छ आँशु छुट्ने बेलैमा'

चैते दसैँको विषयलाई समेटेर गायक बिमराज क्षेत्री, टीका क्षत्री र र सर्मिला गुरुङले वर्षौँअघि गाएको गीत हो यो । बागलुङको चैते दसैँ मेलाका रूपमा मात्रै नभई प्रेम र प्रेमिकाको भेट्ने मौकाको रूपमा रहेको पनि गीतले भाव बोकेको छ । चैते दसैँ मेलामा भेटिएका पुनःअर्को मेलामा भेट्ने बाचाका साथ छुटेको भावलाई गायक क्षेत्रीले धेरै पहिले गीतमा उतार्नुभएको थियो । गीतमा भनेजस्तै स्थानीय उत्पादनको खरिद बिक्रीसँगै माया पिरतीका लागिसमेत चैते दसैँ मेला प्रख्यात मानिन्छ । चैते दसैँमा गाइने लोकदोहरीमार्फत सयौँ कलाकारसमेत बागलुङले जन्माइसकेको छ। चैते दसैँको अवसरमा यस वर्ष पनि बागलुङ कालिका मन्दिर परिसरमा बुधबारदेखि मेला लागेको छ । यहाँको माहोल हेर्दा मेला फेरिएजस्तै यससँग सम्बन्धित मौलिक भाकासमेत फेरिएका छन् । यस वर्ष मात्रै होइन हुन त ऐतिहासिक मानिएको यो मेला हरेक वर्ष फेरिँदै गएको स्थानीयले आभाष गरिरहेका छन् । पछिल्ला वर्षमा चैते दसैँको अवसरमा गाइने मौलिक भाकासमेत हराएका छन् तर रमाइलो मेलामा आकर्षण बढेको छ । कालिका मन्दिर दर्शन गर्न आउने र वर्षभरिलाई आवश्यक सामग्री खरिद बिक्री गर्ने कार्यसमेत परिवर्तन भएको छ । चैते दसैँको अवसरमा गाइने 'एउटो पैसो कहिलेलाई चैते दसैँलाई' भन्ने गीत अचेल सुनिन छाडेको छ । यस्तै, 'रेरे साइलो', 'यानीमया', 'ठाडो भाका' र 'सालैजो'जस्ता मौलिक भाका सुनिएका छैनन् । हाल मेलामा रामाइलोका लागि बजाउने आधुनिक गीत मात्रै सुनिने गरेका छन् । आयातित सामग्री खरिद बिक्री गर्ने र रेकर्ड गरिएका तिनै गीतमा नाँच गान गर्ने गरिन्छ । यसपटक पनि मेलामा हालिने लिङ्गे पिङ र चर्खेपिङ्को सट्टा रमाइलो झुला (आधुनिक पिङ) राखिएको छ । स्थानीय ८० वर्षीय दुर्गाबहादुर आचार्यलाई चैते दसैँ मेलाको मौलिकता पछिल्लो दशकदेखि नै फेरिँदै गएको आभाष हुन थालेको छ । त्यो क्रम हरेक वर्षजस्तै बढ्दै छ । स्थानीय बिमल श्रीसका अनुसार मेलामा प्लाष्टिकका सामग्रीको खरिद बिक्री भइरहेको तर ठेका तथा डालोको बिक्री हुन छोडेको छ । "चैते दसैँ मेला पहिले र अहिलेसँग तुलाना नै हुँदैन । पहिले मिठो मसिनो खान र राम्रो वस्तु खरिद गर्न चैते दसैँ आउनुपर्दथ्यो, अहिले त मेला आधुनिक बनिसक्यो । स्थानीय सामग्री डाला, नाङ्ला र ठेकीको व्यापार छैन", उहाँले भन्नुभयो, "रातभरि रेरे साइलो, सालैजो गीत गाएर जाग्राम बसिन्थ्यो, अहिले त कलकारले बनावटी गीतमा लय भर्छन् । पहिला जस्तो मौलिकता छैन । गाउँ-गाउँमा मेला पर्वहरू लाग्न थाले, चैते दसैँ मेलाप्रतिको चाख घटेको छ ।"

चैते दसैँ मेला र यहाँको कालिका मन्दिरसँगै जोडिएर आउँछन् । जिल्लाको आर्थिक, सामाजिक र सांस्कृति विकासमा कालिका मन्दिरको छुट्टै महत्व छ । यो बागलुङ जिल्लालाई चिनाउने एउटा माध्यम पनि हो । चैते दसैँले त्यसमा थप रौनक थप्छ । त्यसैले यो मन्दिर र मेलालाई एक सिक्काका दुई पाटाका रूपमा प्रस्तुत गर्दै थुप्रै गीत पनि गाइएका छन् । "पहिला चैते दसैँ लोकदोहोरी गाउँने चौतारी जस्तौ थियो, यहाँ गीत गाएर बागलुङका सयौ कलाकार राष्ट्रिय कलाकार बने", स्थानीय राम शर्माले भन्नुभयो "अहिले तिनै कलाकारले चैते दसैँ बिर्सेका छन्, जसले मेलाको महत्वसमेत घट्दै छ । पहिले चैते दशैको दोहोरीको देशभरि चर्चा हुन्थ्यो, अहिले दोहोरीभन्दा अन्य तयारी गीतमा जोड दिइएको छ ।" कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले चैते दसैँ मेला बागलुङको मौलिक परम्पराजस्तै बनेपनि आधुनिकताको प्रभावले मौलिकता जोगाउन नसकिएको बताउनुभयो । उहाँले दर्शकको स्वभाव र रचिअनुसार हाल मेलाको व्यवस्थापन गर्ने गरिएको बताउनुभयो । "ठेका, डालो र नाङ्लो जस्ता स्थानीय मौलिक उत्पादनका स्टललाई निःशुल्क गरेका छौँ तर उनीहरूको भन्दा प्लाष्टिकजन्य सामाग्रीको खरिदबिक्री बढी हुन्छ", उहाँले भन्नुभयो, "भजन, रत्यौली र यानीमयाजस्ता गीत प्रदर्शन गर्न थालेका छौँ तर पहिला जस्तो रातभर जाग्राम बसेर मौलिक गीत गाउँने चलन छैन ।"

मन्दिर वरपर पाल टाँगेर स्थानीय उत्पादनहरू कोदो, मकै, धान, चामल, भाँङ्गो, डाला, नाङ्ला, ठेका, आँसी, बाउसा, मान्द्रो, थुन्से, मादल, भाडाँकुडालगायत दैनिक उपभोग्य वस्तुहरू खरिद बिक्री हुने गरेकामा हाल खेलौनाजन्य सामग्री, मदिरा र खानाका परिकार मात्रै बिक्री वितरण हुने गरेकाले व्यापारीहरू पनि त्यसैमा लागेका छन् ।


## कृषि विकास बैंक लि को जग्गा हकदावी गर्न आउने बारेको १५ दिने सूचना

**यस कार्यालयको कर्जा असुली प्रक्रियाको शिलशिलामा फापरथुम गाविस २ बस्ने दिर्घ सिं को छोरा केश बहादुर गुरुङ्ले कर्जा नतिरेकाले निज केश बहादुर गुरुङ र निजलाई धितो मन्जुरीनामा दिने साविक खिलुङदेउराली गाविस ६ बस्ने पूर्णेको नाति करबिर गुरुङको छोरा, मनबहादुर गुरुङको जग्गा समेत बैक आफैंले मिति २०५७।०७।११ मा सकार गरेकोमा निजहरुले २०७१।११।१८ मा बैंकले लेना रकम सम्पूर्ण असुल उपर भैसकेकोमा निज मन बहादुर गुरुङको नाममा रहेको साविक खिलुङ देउराली गाविस वाडृ न ६ का कित्ता नं. ११७९, १२१७, ९२, १२३६, १२२२ का जग्गाहरुको निजको हकवाला एक मात्र छोरा लिल बहादुर गुरुङको नाममा नामसारी गरिदिनुहुन भनि भिरकोट नगरपालिका वार्ड न. ७ को कार्यालयबाट सिफरिस समेत आएकाले सो जग्गा माथि निवेदक लिल बहादुर गुरुङ बाहेक अन्य कोहिको हकदावी लाग्ने भए प्रमाण सहित १५ दिन भित्रमा यस बैंकमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।**

| हालको जग्गाधनिको नाम | साविक जध नाम ठेगाना | जग्गाको विवरण |
|---|---|---|
| कृषि विकास बैंक, स्याङ्जा | मन बहादुर गुरुङ, खिलुङ दे. ६ | गाविस वार्ड कित्ता नं. क्षेत्रफल<br>खिलुङदेराली ६ ११७९ २-०-२-०<br>खिलुङदेराली ६ १२१७ ०-१५-०-२<br>खिलुङदेराली ६ ९२ ०-१३-३-२<br>खिलुङदेराली ६ १२३६ ०-९-२-१<br>खिलुङदेउराली ६ १२२२ ०-७-३-२ |

**कृषि विकास बैंक लि. शाखा स्याङ्जा**

